क २६.

आज मिति २०७५ साल आश्विन २५ गते गौरीगंगा नगरपालिका नगर प्रमुख श्रीमान भिम वहादुर देउवाज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको वैठक वसी देहायमा उल्लेखित पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायमा उल्लेखित प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम वहादुर देउवा | नगर प्रमुख | |
| २ | श्री अन्चला चौधरी | नगर उप–प्रमुख | |
| ३ | श्री जगतराम चौधरी | कार्यपालिका सदस्य | |
| ४ | श्री जनक वहादुर साँउद | कार्यपालिका सदस्य | |
| ५ | श्री नरेन्द्र वहादुर शाह | कार्यपालिका सदस्य | |
| ६ | श्री भागरथि विष्ट | कार्यपालिका सदस्य | |
| ७ | श्री जंग वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| ८ | श्री कमला कुमारी शर्मा (ओझा) | कार्यपालिका सदस्य | |
| ९ | श्री दल वहादुर कुमाल | कार्यपालिका सदस्य | |
| १० | श्री तुलाराम सापकोटा | कार्यपालिका सदस्य | |
| ११ | श्री हरी प्रसाद तिवारी | कार्यपालिका सदस्य | |
| १२ | श्री पदम वहादुर ऐर | कार्यपालिका सदस्य | |
| १३ | श्री विनोद कुमार चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री हंस वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री नर सिंह सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री भक्त वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री मनमति देवी वुढा | कार्यपालिका सदस्य | |
| १८ | श्री अमृता देवी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशरानी कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री विनिता देवी वि.के. | कार्यपालिका सदस्य | |
| २१ | श्री कल्पना देवी रोकामगर (वि.क.) | कार्यपालिका सदस्य | |
| २२ | श्री वीर वहादुर शाही | प्रमुख प्रशासकिय अधिकृत | |

आमान्त्रीत

१ अकवर चन्द शा.अ.

२ पुनम रेग्मी म.वि.अ.

३. जोंकला सार्की स.प.वि.कि.

प्रस्तावहरु

१ विद्यालयमा शिक्षण सिकाई अनुदान वाडफाँड सम्वन्धमा ।

२ प्राविधिक शिक्षा कक्षा संचालन गरेका मा.वि.हरुलाई अनुदान सम्वन्धमा ।

३ महिला लक्षित कार्यक्रम संचालन सम्वन्धमा ।

४ योजना प्राथमिकरण सम्वन्धमा ।

५ महिला स्वयम सेविकालाई प्रोत्साहन उपलव्ध गराउने सम्वन्धमा ।

६ आदर्श आधारभुत विद्यालयलाई सहयोग सम्वन्धमा ।

७ मोहन्याल मन्दिर निर्माणका लागि रकम विनियोजन सम्वन्धमा ।

८ नक्सा अभिलेखिकरणको म्याद थप सम्वन्धमा ।

९ शिव आधारभुत विद्यालयलाई अनुदान सहयोग सम्वन्धमा ।

१० चौमाला प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक सेवा संचालन सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.ब.०७५/०७६ का लागि नगरसभामावाट शिक्षाक्षेत्रमा विनियिजत रकम रु १,५०,००,०००|- मध्येबाट नगर शिक्षा समितिवाट पेश गरेको मापदण्ड अनुसार तपसिल विद्यालयहरुलाई तपसिल वमोजिमको रकम विद्यालयमा कार्यरत निजि स्रोतका शिक्षकहरुको तलव व्यवस्थापनमा निकासा दिने निर्णय सर्व सम्मतिवाट पारित गरियो ।

| सि.नं. | विद्यालयको नाम | तह | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | महालक्ष्मी प्रा.वि.भैसासुर | प्रा.वि. | रु.५००००|- | शिक्षक विद्यार्थि मापदण्ड भन्दा न्यून भएका प्रा.वि. |
| २ | सरस्वती प्रा.वि.बडैपुर | प्रा.वि. | रु.५००००|- | |
| ३ | दुर्गा प्रा.वि.चमारीपुर | प्रा.वि. | रु.५००००|- | |
| ४ | भैरब प्रा.वि.मोया | प्रा.वि. | रु.५००००|- | |
| ५ | सिंहासन आ.वि.मट्कौना | आ वि. | रु.७५०००|- | शिक्षक विद्यार्थि मापदण्ड भन्दा न्यून भएका आ.वि. |
| ६ | भागेश्वर आ.वि.उदासीपुर | आ.वि. | रु.७५०००|- | |
| ७ | शिव आ.वि.डमारि | आ.वि. | रु.७५०००|- | |
| ८ | आनन्द प्रा.वि. दैद्वारी | प्रा.वि. | रु.१०००००|- | मापदण्ड ४० भन्दा कम विद्यार्थि संख्या भएका प्रा.वि. |
| ९ | शिशुसुधार प्रा.वि.अण्डैया | प्रा.वि. | रु.१०००००|- | |
| १० | वागडोला प्रा.वि.राजिपुर | प्रा.वि. | रु.१०००००|- | |
| ११ | जन एकता प्रा.वि.लठैया | प्रा.वि. | रु.१०००००|- | |
| १२ | त्रिपुरेश्वरी प्रा.वि.लिक्मा कटान | प्रा.वि. | रु.१०००००|- | |
| १३ | जनता प्रा.वि.चरिडाडा | प्रा.वि. | रु.१०००००|- | |
| १४ | जनजागृति आ.वि. झिल | आ.वि. | रु.१५००००|- | ४० भन्दा कम विद्यार्थि संख्या भएका आ.वि. |
| १५ | शिवनमुना आ.वि. कुचैनी | आ.वि. | रु.१५००००|- | |
| १६ | जनज्योती प्रा.वि.कान्तिपुर | प्रा.वि. | रु.२०००००|- | ४० भन्दा वढी विद्यार्थि |

| | | | | |
|---|---|---|---|---|
| १७ | जनसमुदाय प्रा.वि.महादेवा | प्रा.वि. | रु.२०००००।- | संख्या भएका प्रा.वि. |
| १८ | शंकरपुर प्रा.वि.शंकरपुर | प्रा.वि. | रु.२०००००।- | |
| १९ | वेताल प्रा.वि. उदासीपुर | प्रा.वि. | रु.२०००००।- | |
| २० | नवजिवन प्रा.वि.माघी | प्रा.वि. | रु.२०००००।- | ४० भन्दा वढी विद्यार्थि संख्या भएका प्रा.वि. |
| २१ | वेताल प्रा.वि. आमवगिया | प्रा.वि. | रु.२०००००।- | |
| २२ | शिर्जनशिल प्रा.वि. लिक्मा कटान | प्रा.वि. | रु.२०००००।- | |
| २३ | कालिका प्रा.वि.कटानपुर | प्रा.वि. | रु.२०००००।- | |
| २४ | शिवालेक आ.वि. साँझाबजार | आ.वि. | रु.२५०००००।- | ४० भन्दा वढी विद्यार्थि संख्या भएका आ.वि. |
| २५ | जनचेतना आ.वि. वनखेत | आ.वि. | रु.२५०००००।- | |
| २६ | आदर्श आ.वि. मोहलिया | आ.वि. | रु.२५०००००।- | |
| २७ | जनता आ.वि. राजिपुर | आ.वि. | रु.२५०००००।- | |
| २८ | केदारेश्वर आ.वि. चनौरा | आ.वि. | रु.२५०००००।- | |
| २९ | सिद्धवावा आ.वि. खुरखुरिया | आ.वि. | रु.२५०००००।- | |
| ३० | मसुरखेत आ.वि. टुन्डीगौडी | आ.वि. | रु.२५०००००।- | |
| ३२ | जनगजागृति आ.वि. अन्डैया | आ.वि. | रु.२५०००००।- | |
| ३३ | कालीका आ.वि. शिवपुर | आ.वि. | रु.२५००००।- | |
| ३४ | भवानी मा.वि. ऐठा | मा.वि. | रु.३०००००।- | मापदण्ड भन्दा वढी विद्यार्थि संख्या भएका मा.वि. |
| ~~३५~~ | ~~भवानी मा.वि. ऐठा~~ | ~~मा.वि.~~ | ~~रु.३०००००।-~~ | |
| ३६ | अमर मा.वि. वनवेहडा | मा.वि. | रु.३०००००।- | |
| ३७ | पशुपति मा.वि. मंगलपुर | मा.वि. | रु.३०००००।- | |
| ३८ | महादेव मा.वि. शंकरपुर | मा.वि. | रु.३०००००।- | |
| ३९ | सरस्वती मा.वि. उदासीपुर | मा.वि. | रु.३०००००।- | |
| ४० | सुनपालपञ्च मा.वि. ईन्द्रपुर | मा.वि. | रु.३०००००।- | |
| ४१ | महोन्याल मा.वि. अण्डैया | मा.वि. | रु.३०००००।- | |
| ४२ | कालिका मा.वि. राजिपुर | मा.वि. | रु.३५०००००।- | कक्षा ११ र १२ संचालन भएका मा.वि. |
| ४३ | मालिका मा.वि. चौमाला | मा.वि. | रु.३५०००००।- | |
| ४२ | जनप्रिय मा.वि. लिक्मा | मा.वि. | रु.३५०००००।- | |
| | कुल जम्मा | | रु.८३२५०००।- | |

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका वडा नं.५ मा रहेको मोहन्याल मा.वि. अन्डैया र वडा नं. ४ मा रहेको कालिका मा.वि.राजिपुरमा प्राविधिक कक्षा संचालन भईरहेका र विद्यालयवाट सहयोगका लागि अनुरोध भई आएकाले नगर सभावाट शिक्षाक्षेत्रमा विनियोजित रकमवाट नयाँ प्रविधी र प्राविधिकरुपमा पूर्वाधार तयार गर्नका लागि प्रति विद्यालय रु.१५,००,०००।- का दरले दुईवटै विद्यालयलाई अनुदान सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरकार्यपालिकाको कार्यालयमा महिला विकास अधिकृत लगायतका सहायक कर्मचारीहरुको पदपूर्ति भई महिला तथा वालवालिका शाखा स्थापना भई सकेकाले चालु आ.ब.०७५/०७६ का लागि नगरसभावाट प्रत्येक वडाका लागि स्वीकृत भएका महिला लक्षित सम्वन्धी कार्यक्रमहरु महिला तथा वालवालिका शाखाद्वारा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको एकिकृत शहरी विकास योजना तर्जुमा समितिको तत्वावधानमा यस नगरपालिकाको एकिकृत शहरी विकास योजना निर्माण भईरहेकाले देहायमा उल्लेखित योजनाहरुलाई पहिलो प्राथमिकरणमा राखी चालु आ.ब.मा कार्यान्वयनका लागि छनौट गर्ने सर्वसम्मतीवाट निर्णय गरियो ।

तपसिल

४.१ वनवेहडा देखी शंकरपुर सम्मको राजमार्गका प्रमुख वस्तीहरुमा ढल निकास योजना ।

४.२ मसुरिया – ऐठा – शिवपुर हुदै डमारीपुर कृषी सडक कालोपत्रे ।

४.३ राजिपुर पुरानोचोक- खुरखुरिया हुदै कुट्टीकटान कैलाली गा.पा.सिमानासम्म जोड्ने कृषी सडक कालोपत्रे ।

४.४ वनवेहडा- मोया – सरौटा धनगढी उप-महानगरपालिका सिमानासम्मको कृषी सडक कालोपत्रे ।

४.५ मंगलपुर – चनौरा हुदै जोगनियाताल धनगढी उप-महानगरपालिका सिमानासम्मको कृषी सडक कालोपत्रे ।

४.६ प्रमुख वस्तीहरुमा नगरस्तरीय खानेपानी योजना ।

४.७ कृषी, पशुविकासका (पकेट क्षेत्र) योजना ।

४.८ फोहर (फोहर वाट मोहर) व्यवस्थापन योजना ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा २०७५ साल कार्तिक १४ र १५ गते राष्टिय अभियानकारुपमा देशभरी महिलास्वयम सेविकाहरुलाई परिचालन गरी वालवालिकाहरुलाई भिटामिन ए खुवाउने कार्यक्रम रहेकाले उक्त कार्यक्रममा खटिए वापत खटिएको दिनको प्रति दिन प्रति व्यक्ती रु.१००। का दरले गत आ.ब.को अ.ल्या.मौज्दातवाट महिलास्वयम सेविकालाई प्रोत्साहन रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा आदर्श आधारभुत विद्यालय गौरीगंगा नगरपालिका ७ ब्राट विद्यालयमा वाईरिंग तथा पंखा जडानका लागि वडा कार्यालयको सिफारिस सहित सहयोगका लागि अनुरोध भई आएकाले उक्त विद्यालयमा वाईरिंग तथा पंखा जडानका लागि गत आ.ब.को अ.ल्या.मौज्दात रकमवाट रु ५०,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा गौरीगंगा नगरपालिका ९ रजियामा रहेको मोहन्याल मन्दिर निर्माणका लागि गत आ.ब.को अ.ल्या.मौज्दात रकमवाट रु २,००,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा भवन निर्माण आचार संहिता २०७२ लागु हुन पूर्व वनेका घरहरुको नक्शा अभिलेखिकरण अवधी २०७५ साल पौष मसान्तसम्म म्यादथप गरी अभिलेखिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ११ मा रहेको शिव आधारभुत विद्यालयको आर्थिक अवस्था नाजुक भएको,विद्यालयमा सरकारी दरवन्दी न्यून भई अधिकांस शिक्षकहरु निजि स्रोतवाट राखिएकाले निजि स्रोतवाट राखिएका शिक्षकहरुको तलव भत्ता तथा प्रशासनिक खर्चका निमित्त सहयोगका लागि अनुरोध भई आएको तथा उक्त वडामा रहेको वगरैया तालवाट यस नगरपालिकामा वार्षिक रु १६,००,०००।– आम्दानी समेत भईरहेकाले उक्त विद्यालयमा निजि स्रोतका शिक्षकहरुको तलव भत्ता तथा प्रसाशनिक खर्च प्रयोजनका लागि नगर सभावाट शिक्षाक्षेत्रमा विनियोजित रकमवाट रु ५,००,०००।– सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा रहेको चौमाला प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक सेवा संचालन गर्न १ जना हेल्थ अशिसटेन्ट सेवा करारमा लिई आकस्मिक सेवा संचालन गर्ने र २०७५ साल श्रावण ३० गतेको कार्यपालिका वैठकवाट स्वास्थ्य क्षेत्रमा सेवा करारमा कार्यरत कर्मचारीको तलव भता भुक्तानीका लागि विनियोजित रकम थप १ जना कर्मचारी सेवा करारमा लिदा अपुग हुने देखिएकाले उक्त शिर्षकमा गत आ.ब.को अ.ल्या.मौज्दात रकमवाट रु ६०,०००।– थप विनियोजन निर्णय गरियो ।